बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

बी.स. १७० (२०७८/०७९) च. नं २४७८

मितिः २०७८।०९।०७

श्री सवै इजाजतपत्र बीमकहरू,

बिषयः **अभौतिक बीमालेख तथा चेक मार्फत कारोवार गर्ने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा समितिबाट इजाजतपत्र प्राप्त सवै बीमकहरूले देहाय बमोजिम गर्न गराउन यो निर्देशन गरिएको छः

(क) बीमकहरूले जारी गर्ने बीमालेख र बीमाशुल्क रसिदमा टाँस गरिने हुलाक टिकट बापतको रकम क्रमशः प्रति बीमालेख रू. २० र प्रति बीमाशुल्क रसिद रू. ५ वरावरको रकम नेपाल राष्ट्र बैंक, नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले राजस्व संकलनका लागि तोकेको बैंकमा राजस्व दाखिल गरी अभौतिक (डिजिटल) बीमालेख जारी गर्न सकिने ,

(ख) भौतिक रूपमा (कागजी स्वरूपमा) जारी गरिने बीमालेखको लागि हालकै व्यवस्था लागू हुने,

(ग) अभौतिक (डिजिटल) माध्यमबाट जारी गरिएको बीमालेखको गोपनीयता र सुरक्षाको प्रत्याभूति बीमकले गर्नु पर्ने।

(घ) जीवन बीमकको हकमा प्रथम बीमाशुल्क, एकल बीमाशुल्क वा नवीकरण बीमाशुल्क लिँदा १ (एक) लाख रूपैंया भन्दा बढी रकमको बीमाशुल्क बीमित, बीमा प्रस्तावक, बीमालेख धारक वा बीमितको बीमायोग्य हित भएको व्यक्ति वा सँस्थाको बैंक खाताबाट बीमकको बैंक खातामा एकाउन्ट पेयी चेक वा डिजिटल माध्यमबाट गरिएको भुक्तानी मात्र लिने।

(ङ) निर्जीवन बीमकको हकमा कुनै पनि प्रकारको बीमाशुल्क लिँदा १ (एक) लाख रूपैंया भन्दा बढी रकम बीमित, बीमा प्रस्तावक, बीमालेख धारक वा बीमितको बीमायोग्य हित भएको व्यक्ति वा सँस्थाको बैंक खाताबाट बीमकको बैंक खातामा एकाउन्ट पेयी चेक वा डिजिटल माध्यमबाट गरिएको भुक्तानी मात्र लिने।

(च) बुँदा नं. (झ) र (ञ) मा उल्लेख भएका बीमित, बीमा प्रस्तावक, बीमालेख धारक वा बीमितको बीमायोग्य हित भएको व्यक्ति वा सँस्था बाहेक अन्य कुनै पनि व्यक्ति वा सँस्थाबाट गरिएको बीमाशुल्क भुक्तानी कुनै पनि अवस्थामा नलिने।

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक

पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोनः ०१-५५२१०७९, ५५३८७४३, फ्याक्सः ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Lalitpur-10, Kupandole, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
Website: www.nib.gov.np, E-mail: info@nib.gov.np